# पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पथरी,मोरङ    १.प्रदेश,नेपाल

फो.नं. ९७७-०२१-५५५२१२
५५६११२
५५६११३
५५५२९६ फो. फ्या.


प.सं. ०७६/०७७    मितिः २०७६ असार ११

# प्रेस विज्ञप्ति

आदरणीय पत्रकार ज्यूहरु,

पूर्वमा वन र सिमसारयुक्त पर्यटनको छुट्टै पहिचान बोकेको पथरी शनिश्चरे नगरपालिका नीति निर्माणका साथै विकास निर्माणका गतिविधिमा सक्रियतापूर्वक अग्रसर छ। संघीयताको मर्म अनुरुप स्थानीय तहसम्म आएको अधिकारलाई कार्यान्वयन गराउने क्रममा छ। संघीयता कार्यान्वयनको अभ्यासमा रहेकाले सोचेजति गतिविधि हुन केही समय लागि रहेको छ। तथापि, नगरवासीको अपेक्षालाई सवैको सहकार्यमा साकार रुप दिने क्रममा निरन्तर सक्रिय छ। यस कार्यमा पत्रकार मित्रहरुको पनि रचनात्मक सहयोग पुग्ने अपेक्षा गर्दै बजेट अधिवेशनका रुपमा समेत सम्पन्न नगरपालिकाको ०७६ असार १० गतेको पाँचौं नगरसभाले गरेका निर्णयहरु यहाँहरुका सञ्चारमाध्यममा समाचारका रुपमा प्रकाशित/प्रशारित होउन भन्ने अपेक्षा सहित विज्ञप्ति मार्फत जानकारी गराइएको छ। सभाबाट निम्नलिखित निर्णयहरु भएका छन् :

**<u>नगरसभाका निर्णयहरु :</u>**

### *पथरी शनिश्चरे नगरपालिकाको पाँचौं नगर सभामा नगर उप-प्रमुख यमुना विष्ट (बाँस्तोला)बाट प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट :*

**प्राथमिकता :**

**(क) सडकको पूर्वाधार निर्माण र स्तरोन्नती**
**(ख) कृषि पर्यटन प्रवर्द्धनमा जोड**
**(ग) रोजगारीको अवसर**
**(घ) वातावरण संरक्षणमा जोड**
**(ङ) पर्यटकीय अंगहरुको उजागर र त्यसबाट आर्थिक उपार्जन**
**(च) सामाजिक क्षमतामा बृद्धि**
**(छ) सुशासनमा जोड**
**(ज) प्रभावकारी सेवा प्रवाह**

१,. **सार्वजनिक सेवा तथा क्षमता विकास :**

(क) मानव संसाधन विकासका लागि योजनावद्ध कार्यको थालनी गरिने छ।

(ख) संगठित संरचना अनुसार पदपूर्ती नभएसम्म नगरपालिका कार्यालयमा भएको कार्यवोझका कारण कार्यालय समय बाहेक विहान, बेलुका र सार्वजनिक विदामा

समेत काम गर्नुपर्ने अवस्था भएकाले विगत आ.व.बाट सुरु गरिएको प्रोत्साहन भत्ता उपलब्ध गराइने छ ।

**२, राजस्व :**

**(क)** नगरभित्रका उद्योगी, व्यापारी व्यवसायीहरुको छाता संगठन उद्योग वाणिज्य संघ संग सहकार्य गर्दै आन्तरिक स्रोत वृद्धि गर्ने नीति लिइनेछ ।

(ख) भइरहेका कर बाहेकमा पनि करको दायरा फराकिलो बनाउन जोड दिइनेछ ।

(ग) राजस्व असुली कार्यलाई कम्प्युटराईज गरी निरन्तरता दिने नीति लिइने छ ।

(घ) नगरपालिकाको कर प्रणालीलाई अनलाइन सिस्टममा जाने प्रक्रिया प्रारम्भ गरिने छ ।

(ङ) राजश्व शाखा गठन गरी चाँडै जनशक्ति व्यवस्थापन गरिने छ ।

**३, सुशासन र पारदर्शिता :**

**(क)** नगरपालिकाका क्रियाकलापलाई कार्यान्वयन गर्दा पारदर्शी, जवाफदेही, नियमसम्मत, सहभागितामुलक प्रक्रिया अवलम्वन गरिने छ । जसका लागि सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण, सामाजिक परीक्षण जस्ता विधि अपनाइने छ ।

**(ख)** नगरपालिकाबाट प्रवाह गरिने सेवा सुविधालाइ सरल, सहज र प्रविधिमा आधारित बनाइनेछ ।

(ग) जननिर्वाचित प्रतिनिधि तथा कार्यालयका कर्मचारहिरु समेतको क्षमता अभिवृद्धिमा जोड दिइने छ ।

(घ)नगरमा शान्ति सुरक्षाको अवस्था सुदृढ गर्न आवश्यक व्यवस्था गरिनेछ ।

(ङ) नागरिक बडापत्रलाई डिजिटल प्रविधिमा लगिने छ ।

**४, सामाजिक विकास, शिक्षा तथा खेलकुद :**

**(क)** शिक्षाको गुणस्तर अभिबृद्धि गर्न शैक्षिक योजना बनाई कार्यान्वयनका लागि आवश्यक पहल गरिने छ ।

**(ख)** विद्यालय क्षेत्र विकास कार्यक्रममा निहित शैक्षिक कार्यक्रमलाई नेपाल सरकार अन्तर्गत यस नपालाई अवको आर्थिक वर्षमा प्राप्त सशर्त अनुदान शिर्षकको कार्यक्रमलाई तोकिए बमोजिम परिणाम देखिने गरी कार्यान्वयन गरिने छ ।

**(ग)** प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्रोत्साहित गर्ने नीति अवलम्वन गरिने छ ।

(**घ)** खेलकुद क्षेत्रलाई प्रोत्साहित गर्दै लगिने छ ।

**(ङ)** बालमैत्री शिक्षणका लागि आवश्यक कक्षाकोठा व्यवस्थापन, सुविधायुक्त शौचालय, छात्राको महिनावारी सरसफाई व्यवस्थापन, सिकाई सामग्री व्यवस्थापनलाई प्राथमिकता दिइने छ ।

**(च)** कक्षा १ देखि ८ सम्म सञ्चालित सामुदायिक विद्यालयलाई क्रमशः नमूना विद्यालयका रुपमा विकास गर्दै लाने नीति लिइनेछ ।

**(छ)** स्थानीयरुपमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई प्रभावकारी रुपमा अघि बढाइने छ ।

**५, स्वास्थ्य :**

**(क)** नगरपालिका क्षेत्रमा आइपर्ने विभिन्न प्रकोपको नियन्त्रणका लागि विभिन्न निकायसँग सहकार्य गर्ने नीति अपनाइने छ ।

**(ख)** पोलियो खोप, भिटामिन ए व्यवस्थापन तथा एचआइभी र एड्स, लागू औषध दुर्व्यसन नियन्त्रणका लागि स्थानीय संघ संस्थासंग सहकार्य गरिने छ ।

**(ग)** मासुजन्य वस्तुलाई व्यवस्थित गर्न वधशाला निर्माणमा जोड दिइने छ ।

**(घ)** 'स्वास्थ्यसँग नगरपालिका' भन्ने उद्धेश्यले प्रत्येक वडामा क्रमशः स्वास्थ्य केन्द्र स्थापना र सञ्चालन आ.व.०७६/७७ बाट पुरा गरिने छ । ७० वर्षमाथिकालाई एम्वुलेन्स भाडा र ८० वर्षमाथिकालाई स्वास्थ्य परीक्षणको व्यवस्था, दीर्घरोगीका लागि अनुदान र एक अस्पताल स्थापना गरिने छ । १५ शैयाको अस्पताल स्वीकृत भइसकेको छ । तत्कालैदेखि २ नम्वर वडामा रहेको स्वास्थ्य चौकीमा ५ शैयाको अस्पताल सञ्चालनको प्रक्रिया भनें अगाडि बढाइहाल्न बजेटको व्यवस्था गरिएको छ ।

**(ङ)** पूर्णखोप नगर घोषणा भइसकेकाले यसलाई प्रभावकारी रुपमा निरन्तरता दिइने छ ।

**(च)** महिलाको स्तन क्यान्सर, पाठेघरको क्यान्सर लगायतका समस्या समाधान गर्न घुम्ती शिविर र विपन्न समुदायलाई उपचार सहयोगको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

६. **वातावरण तथा विपद व्यवस्थापन :**

**(क)** नदी तटवन्धन तथा नियन्त्रणमा बायो इन्जिनियरिङ प्रविधिको उपयोगमा जोड दिइने छ ।

**(ख)** वातवारण प्रदुषण न्यूनिकरण गर्ने नीति अपनाइने छ ।

**(ग)** नगरको पूर्व पश्चिम र मध्यभागमा रहेका खोलाहरुबाट हुनसक्ने सम्भाविता जनधनको क्षति न्यूनिकरण गर्न नदी तटवन्धन कार्यक्रमलाइ क्रमागत योजनामा समावेश गरी प्रदेश तथा संघीय सरकारसंग समन्वय कायम गरिनेछ ।

**(घ)** विपद व्यवस्थापनको लागि सबै वडाहरुमा विपद व्यवस्थापन समिति गठन भइसकेको हुँदा यसको क्रियाशिलतामा स्थानीय संघ संस्थासँग समन्वय गरिने छ । विपद व्यवस्थापनमा खडा गरिएको कोष सञ्चालन गर्न कार्यविधि तयार गरिने छ ।

**(ङ)** सरसफाई र स्वास्थ्य चेतनामुलक कार्यक्रम सवै वडामा सञ्चालनको विशेष योजना बनाइने छ ।

**(च)** सार्वजनिक सडकमा आवागमन् अवरोध हुनेगरी कुनै पनि कार्य गर्न नपाउने नीति ल्याई प्रभावकारी कार्यान्वयन गरिने छ ।

७, **कृषि,सिंचाइ तथा सहकारीः**

**(क)** कृषिलाई आधुनिकीकरण एवम् व्यवसायिकरण गर्न प्रोत्साहन गर्दै कृषिजन्य उपकरणमा अनुदावन सहुलियत कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**(ख)** पशुजन्य उत्पादन, विशेष गरेर सामुहिक तरकारी खेती, पशुपालन, माछापालन व्यवसाय प्रवर्द्धन गर्ने नीति कायमै राखिएको छ । समूह तथा साना सिंचाईमा जोड दिइनेछ ।

**(ग)** अर्गानिक खेती प्रणालीलाई प्राथमिकता दिइने छ ।

**(घ)**सहकारी संस्थाको दर्ता र नियमनको आवश्यक कानून तर्जुमा गरिनेछ ।

**(ङ)** नगरमा कृषि बजारको व्यवस्थापन गरिने छ ।

**(च)** खाद्य सुरक्षा सुनिश्चित गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

८, **पूर्वाधार निर्माण :**

**(क)** पूर्वाधार विकासको लागि अल्पकालिन, आवधिक र दीर्घकालिन योजनाको सूची बनाई लागू गरिने छ ।

**(ख)** नगरका महत्वपूर्ण सडकहरु र नगरहुदै अन्तरपालिका जोड्ने आर्थिक महत्वका सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी यस्ता सडकहरुलाइ क्रमागत योजनामा राखि सम्पन्न गर्ने नीति लिइनेछ ।

**(ग)** आयोजना वर्गीकरण गरी संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

**(घ)** प्रदेश र संघको भूउपयोग नीति अनुरुप भूउपयोग नीति कार्यान्वयन गरिने छ ।

**(ङ)** नगरभित्रका सम्पूर्ण सडकहरुको सडक क्षेत्राधिकार अनुसार खाली तथा खुल्ला राख्ने नीति लिइनेछ ।

**(च)** नगरभित्र सञ्चालन हुने सम्पूर्ण सवारी साधनहरुको लागि पार्किङ स्थलको अध्ययन गरी सःशुल्क पार्किङको व्यवस्था गरिनेछ ।

**(छ)** १० लाख भन्दा माथिका योजनाहरु इ विडिङ ( विद्युतीय बोलपत्र)को माध्यमबाट ठेक्का लगाउने नीति लिइने छ ।

**९. संस्कृति,पर्यटन प्रवर्द्धन तथा वन वातावरण :**

(क) नगरको पर्यटन प्रवर्द्धन तथा विकासका लागि नगरस्तरीय पर्यटन प्रवर्द्धन समिति बनाई पर्यटन प्रवर्द्धन र विकासको योजना तयार गरिने छ ।

(ख) प्रदेश सरकारको नीति तथा कार्यक्रमबाट घोषणा गरेको प्रदेशकै गौरवको आयोजनाको रुपमा यस नगरमा रहेको हाल भूटानी शरणार्थी शिविरले ओगटेको जग्गामा वृहत जातीय तथा सांस्कृतिक संग्रहालय निर्माण कार्यलाई अगाडि बढाउन आवश्यक सहयोग, समन्वय र कार्यान्वयनको पहललाई निरन्तरता दिइने छ ।

(ग) नगरभित्रका सामुदायिक वनको संरक्षण र सम्वर्द्धन गर्दै सीमसार/तालतलैया बन्न सक्ने क्षेत्र पहिचान गरी आन्तरिक पर्यटन प्रवर्द्धनको व्यवस्था मिलाउँदै लगिने छ ।

(घ) पर्यटन गुरुयोजना मार्फत धार्मिक पर्यटन प्रवर्द्धनको लागि पहल गरिनेछ ।

(ङ) भाषा, साहित्य, कला र संस्कृतिको प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

(च) वातावरणीय स्वच्छताको चुनौतीको रुपमा रहेको प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै लगिनेछ ।

**१०, खानेपानी तथा सरसफाईः :**

**(क)** फोहोरमैला व्यवस्थापन योजना तय गरी शुन्य फोहोरको अवधारणा अनुरुप साझेदार संस्थाहरुसँग सहकार्य गरी कुहिने फोहोरमैलाको उर्जा ग्यास उत्पादन गर्ने कार्यक्रमलाई अगाडि बढाइने छ ।

(ख)नगरभित्रको खानेपानी समस्यालाई न्यूनिकरण गर्दै स्वच्छ खानेपानी आपूर्ती गर्न सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय कायम गर्दै लगिने छ ।

(ग) नगरभित्रका पानीका स्रोत (मुल) हरुको संरक्षणमा जोड दिइनेछ ।

(घ) फोहोरमैला व्यवस्थापनका लागि निकटतम पालिकाहरुसँग सहकार्य गरी एकीकृत रुपमा फोहोर प्रशोधन र व्यवस्थापन गर्ने नीति लिइने छ ।

**११. भू-उपयोग नीति :**

(क) नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, ऐलानी, पर्ति जग्गाको खोजी गरी संरक्षण कार्यलाई सक्रियताा साथ कार्यान्वयन गर्दै लगिने छ ।

(ख) नगरको भू-उपयोग नीति तर्जुमा गरी नगरपालिकाबाट कार्यान्वयनमा ल्याइने योजनालाई सोही अनुरुप अगाडि बढाइने छ ।

(ग) ससाना टुक्रामा रहेका जमिनलाई चक्लावन्दी गरी सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**१२. श्रम र रोजगार :**

**(क)** नगरभित्रको बेरोजगार समस्या समाधानको लागि रोजगारउन्मुख सीपमूलक तालिमको लागि पहल गरिदै लगिने छ र प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारीका कार्यक्रमहरुलाई अगाडि बढाइने छ ।

(ख) नगरभित्र निर्माण हुने पूर्वाधार तथा भौतिक संरचना निर्माणमा नगरभित्रकै निर्माण व्यवसायीहरुलाई प्राथमिकतामा राखि तत्सम्बन्धी ज्ञान र सीपको प्रवर्द्धनमा जोड दिइने छ ।

(ग) आधिकारिक ट्रेड यूनियनमा आवद्ध मजदुरहरुलाई सामाजिक सुरक्षण गर्ने नीति लिइने छ

(घ) बैदेशिक रोजगारीलाई निरुत्साहित गरी नगरमा रोजगारी सृजना गर्ने आवश्यक कदम चालिने छ ।

**१३. सामाजिक सुरक्षा :**

**(क)** लक्षित वर्ग तथा समुदायको जीवनस्तर उकास्न आवश्यक व्यवसायिक सीपमूलक तालीममा जोड दिइनेछ ।

(ख) सामाजिक सुरक्षा भत्ता प्रणालीलाई  बैंकिङ प्रणालीबाट थप व्यवस्थित र सहज बनाइने छ ।

(ग) घरेलु तथा सामाजिक हिंसामा न्यूनिकरणका लागि आवश्यक कार्यक्रम तय गरी अगाडि बढाईने छ ।

(घ) लागू औषध विरुद्ध अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिँदै बालबालिकाका उपर हुने शारीरिक तथा मानसिक ज्यादतीविरुद्ध अभिभावक तथा विद्यालयस्तरीय कार्यक्रम संचालन गरिने छ ।

(ङ) ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवलाई लिपीवद्ध गर्दै जाने नीति बनाइने छ ।

(च) प्रत्येक वडामा मातातीर्थ औंशीको अवसरमा आमा सम्मान कार्यक्रम गरिने छ ।

**१४. विधेयक सम्वन्धी :**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी चालु आ.व. मा आवश्यकता अनुसार ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरु निर्माण गरी लागू गरिनेछ ।

**बजेट :**

**(क) आयतर्फ :**

नगरपालिकाको लागि नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान १७ करोड १२ लाख संघीय सरकारबाट सशर्त अनुदान १७ करोड ८१ लाख, संघीय सरकारबाट राजस्व बाँडफाँड वापत ११ करोड ३२ लाख, प्रदेश सरकारबाट सवारी साधन करमार्फतको राजस्व बाँडफाँडमा १ करोड ५१ लाख ८१ हजार, प्रदेश सरकारबाट समानिकरण अनुदान ७८ लाख ५३ हजार, प्रदेश सरकारको सशर्त अनुदान ७८ लाख ५३ हजार, राजस्व बाँडफाँडमा मालपोतबाट २ करोड, आन्तरिक आयस्रोत वापत ४ करोड ९७ लाख ३० हजार (अनुमानित), सामाजिक सुरक्षा अनुदान १९ करोड गरी कुल रु.७२ करोड ५२ लाख ६४ हजारको आय अनुमान गरिएको छ । **गत वर्ष** कुल ६० करोड २९ लाख २७ हजारको आय अनुमान गरिएको र वडामा ८५ लाखको बजेट सिलिङ थियो । यस वर्ष प्रत्येक वडाका लागि १ करोडको बजेट सिलिङ प्रदान गरिएको छ ।

**संक्षिप्त आम्दामी विवरण :**

| क्र.सं | विवरण | अुमानित आय | कैफियत |
|---|---|---|---|
| १, | आन्तरिक आम्दामी | ४,९७,३००००।- | |
| २, | राजस्व बाँढफाँढबाट प्राप्त | १२,८३,८१०००।- | |

| | | | |
|---|---|---|---|
| ३, | अन्तर सरकारी वित्तीय हस्तान्तरण | ३५,७१,५३०००।- | |
| ४, | सामाजिक सुरक्षण | १९,०००००००।- | |
| | **जम्मा :** | **७२,५२,६४०००।-** | |

**(क) व्ययतर्फ :**

| **क्र.सं** | **विवरण** | **अुमानित आय** | **कैफियत** |
|---|---|---|---|
| १, | प्रशासनिक खर्च | ११,६५,२७०००।- | |
| २, | वडागत खर्च | १०,०००००००।- | |
| ३, | सशर्त अनुदान | १७,८१,०००००।- | |
| ४, | सामाजिक सुरक्षा | १९,०००००००।- | |
| ५, | स्वाथ्यतर्फ | १,७५,२००००।- | |
| ६, | शिक्षातर्फ | १,१९,७५,५००।- | |
| ७, | कृषितर्फ | ५१,६०,०००।- | |
| ८, | पशुपंक्षीतर्फ | ४२,०००००।- | |
| ९, | चालु खर्च | ११,००,७७०००।- | |
| १०, | जनता आवास कार्यक्रम | ३०,०००००।- | |
| ११, | टिनको छाना कार्यक्रम | २०,०००००।- | |
| १२, | फोहोरमैला व्यवस्थापन | २५,०००००।- | |
| १३, | कुशल बजार पश्चिम केर्खा पुल | ३५,०००००।- | |
| १४, | खेलकुद | २०,०००००।- | |
| १५, | सञ्चार मिडिया प्रवर्द्धन | ५,०००००।- | |
| १६, | रजतजयन्ती मार्ग कालोपत्रे ( प्रदेश सरकारसँगको समपुरक बजेट) | १,२५,०००००।- | |
| १७, | दोहोलु शुक्रवारे सडक कालोपत्रे ( प्रदेश सरकार समपुरक) | १,२५,०००००।- | |
| १८, | बुद्धमार्ग कालोपत्रे ( संघीय सरकार समपुरक ) | २,१७,८१५००।- | |
| १९, | शान्ति भूल्के सडक | ७०,०००००।- | |
| २०, | लक्षित कार्यक्रम | ४०,५०,०००।- | |
| २१, | डिजिटल नगर प्रोफाइल | ३०,०००००।- | |
| २२, | पुलचोक शिरिशेडाँडा भातेगौंडा सडक डीपीआर | ३,०००००।- | |
| २३, | फर्निचर | ३०,०००००।- | |
| २४, | मेसिनरी औजार | २०,०००००।- | |
| २५, | कार्यालय व्यवस्थापन तथा मर्मत | १५,०००००।- | |
| २६, | सामुदायिक वन साझेदारी कार्यक्रम | २५,०००००।- | |

| | | | |
|---|---|---|---|
| २७, | मठ मन्दिर | ३०,०००००।- | |
| २८, | मर्मत सम्भार कोष | २०,०००००।- | |
| २९, | विपद व्यवस्थापन कोष | २०,०००००।- | |
| ३०, | सरकारी गैर सरकारी साझेदारी कार्यक्रम | २०,०००००।- | |
| ३१, | सडक बोर्ड साझेदारी | ३०,०००००।- | |
| ३२, | खानेपानी | १०,०००००।- | |
| ३३, | सव वाहन | १५,०००००।- | |
| ३४, | वडा कार्यालय भवन निर्माण साझेदारी | ४०,०००००।- | |
| ३५, | विधायन समिति | ६,०००००।- | |
| ३६, | न्यायिक समिति तथा मेलमिलाप र कानूनी अभिमुखिकरण कार्यक्रम समेत | १५,०००००।- | |
| ३७, | मान्यताप्राप्त मजदुर युनियनसँग आवद्ध भएका मजदुरहरुको सामाजिक सुरक्षा | ५,०००००।- | |
| ३८, | सुनझोडा खोला पुल डीपीआर | ५,०००००।- | |
| ३९, | उद्योग वाणिज्य संघ भवन निर्माण अनुदान | १५,०००००।- | |
| ४०, | पथरी शनिश्चरे सडक यातायात गुरु योजना र बाटो नम्वरिङ | १५,०००००।- | |
| | | | |
| | **जम्मा :** | **७२,५२,६४०००।-** | |

**संघीय सरकार र प्रदेश सरकारमा पठाउने योजना :**

(क) वडा नम्वर ७ मा पर्ने पथरी खोलामा १ किलोमिटर लम्वाईमा खोला सिधा पार्ने योजना ।

(ख) नगरभित्रको सामुदायिक वनसँगको वातावरणीय योजना सम्वन्धि प्रदेश सरकारमा माग गर्ने

(ग) वडा नम्वर २ को पूर्व सुनझोडा खोलामा पक्की पुलका लागि संघ वा प्रदेशमा माग गर्ने ।

(घ) १ र २ नम्वर वडाको सिमानामा पथरी खोला बुद्धचोक हुँदै ३ नम्वरको वन सिमाना सडकको सुनझोडाखोला सम्म कालोपत्रे सडक ।

(ङ) ६ र ८ वडाको सिमाना डाँसखोलादेखि कुशलचोक भातेगौंडा हसन्दह बजार हुँदै वक्राहा नदीसम्मका सडक कालोपत्रे

(च) ९ नम्बरको शनिश्चरेचोकबाट नयाँ स्वास्थ्यचौकी जाने सडक कालोपत्रे

(छ) ६ नम्वरको कुँडामा पथरी खोलामा पुल निर्माण

(ज) पुल्चोकदेखि शिरिसेडाँडा हुँदै भातेगौंडा जाने सडक कालोपत्रे

(झ) ३ नम्वरको गोही होलीमा पुल

(ञ) ७ र ५ को सिमा हुँदै कोठेवारी मैनखाडीसम्म जाने सडक कालोपत्रे

**विधेयक पारित :**

नगरसभाले आर्थिक विधेयक र विनियोजन विधेयक पारित गरेको छ ।

**छुट तथा निःशुल्क सेवा सुविधा :**

विपन्न विद्यार्थी सिफारिस, अपाङ्गता सिफारिस, विपन्न प्रमाणित सिफारिस, निःशुल्क स्वास्थ्य उपचार सिफारिस, कोर्टफि मिनाहा सिफारिस, अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने, मृत्यु प्रमाणित, बैदेशिक रोजगारीका शिलशिलामा मृत्यु भएको व्यक्तिको सिफारिस, सर्वसाधारणको घर टहरामा आगलागी सिफारिस, विपद सम्वन्धित सहुलियत काठको सिफारिसमा अघिल्ला वर्षहरुदेखि नै निःशुल्क व्यवस्था गरिएको छ ।

कृषिका लागि विद्युत सिफारिसमा २ सय रुपैयाँ, वंशजको नागरिकता सिफारिसमा १ सय रुपैयाँ, छात्रबृत्ती सिफारिस १ सय रुपैयाँ, स्वदेशी नावालक परिचयपत्र सिफारिसमा २ सय, कोठा खोल्ने रोहबरमा वस्दा ३ सय लिने निर्णलाई परिमार्जन गरी यस आर्थिक वर्षबाट निःशुल्क बनाइएको छ ।

**आ.व. २०७६/७७ का योजनाको अवस्था :**

यस आर्थिक वर्षका लागि नगरमार्फत ४० वटा योजना छन् । वडागत रुपमा वडा नम्वर १ मा २९ वटा, २ मा ३२ वटा, ३ मा ३१ वटा, ४ मा ६३ वटा, ५ मा ४७ वटा, ६ मा ४७ वटा, ७ मा ३६ वटा, ८ मा २३ वटा, ९ मा ३६ वटा, १० मा ३४ वटा योजना तय गरिएका छन् । लक्षितवर्गतर्फ २० वटा, शिक्षातर्फ ३२ वटा, स्वास्थ्यतर्फ ३१ वटा, कृषितर्फ ७ वटा, पशुपंक्षी शाखातर्फ ३० वटा योजना छन् । यसरी कुल योजनाको संख्या ५३८ रहेको छ ।

**आ.व. २०७५/७६ का सम्पन्न योजनाको अवस्था :**

**कुल खर्च रु. ६० करोड २९ लाख २७ हजार अनुमान गरिएको थियो ।** जसमा वडा नम्वर १ मा ११ वटा, २ मा २३ वटा, ३ मा २२ वटा, ४ मा ३० वटा, ५ मा ३१ वटा, ६ मा २३ वटा, ७ मा २२ वटा, ८ मा २२ वटा, ९ मा २४ वटा र १० मा १६ वटा तथा ९ र १० मा एउटा संयुक्त योजना रहेका थिए । कुल वडागत रुपमा २ सय २५ वटा योजना रहेका थिए । वित्तिय समानिकरण र प्रदेश सरकारबाट ३ वटा, वित्तिय समानिकरण र नगरको आन्तरिक गरी ८८ वटा, नगरको थप ५ वटा, शिक्षातर्फ २४ वटा, स्वास्थ्यतर्फ ४२ वटा, कृषितर्फ ३७ वटा, संघीय सरकारको सशर्त अनुदानमा ६ वटा, चालुतर्फको सशर्त अनुदानमा १५३ वटा, सडक बोर्ड नेपालको ५ वटा, सामाजिक सुरक्षा कार्यक्रम १ वटा गरी कुल ५८९ वटा योजना सञ्चालन भएका थिए ।

- जसमध्ये हालसम्म ६० प्रतिशत योजना फर्स्यौट भएका तथा अन्य योजना फर्स्यौटको क्रममा रहेका छन् । केही योजना कार्यक्रमका क्रममा जारी छन् । २ लाखसम्मका योजना वडाले नै सम्झौता गर्ने अधिकार दिइएको छ । सवै वडाहरुबाट विवरण आइसकेको छैन ।
- नगरको क्रमागत विशेष योजनाका रुपमा रहेको दोहोलु शुक्रवारे सडकको कालोपत्रेका लागि बेस लगाइएको, बुद्धमार्गमा सबबेस लगाइसकेको र रजतजयन्तीमार्गमा सवबेश लगाइएको छ । १ र १० जोड्ने पथरी खोला पुल सम्पन्न भएको, वक्राहा डाँस सडकको केर्खाखोला पुल र मैनाखाडी कोठेबारीको पथरी खोलाको पुल सम्पन्न हुने चरणमा छन् ।

**न्यायिक समितिका मुद्दा :**

प्रदेशकै सवैभन्दा बढी मुद्धा मेलमिलाप गराउने नगरका रुपमा यो नगर अगाडि छ । चालु आर्थिक वर्षको असार ९ गतेसम्ममा २ सय ५१ वटा मुद्धा न्यायिक समितिमा दर्ता भएका छन् । जसमध्ये, २ सय ४० वटा मेलमिलापको माध्यमबाट निरुपण भएका छन् । बाँकी मुद्धा निरुपणको प्रक्रियामा छन् । ७२ वटा मुद्धा वडा मेलमिलापकर्ताबाट निरुपण भएका छन् ।

**प्रवक्ता**
**यामप्रसाद गुरागाईं**
**( पथरी शनिश्चरे नगरपालिका कार्यालय )**